# निर्धन उत्थान बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय "निर्धन भवन" भगवतिबहाल, नक्साल, काठमाडौं, नेपाल

फोनः ४४१३७११,४४१३७९४ फ्याक्सः ४४१३८५६

को

## शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७४/७/२०**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/८/६**

श्री निर्धन उत्थान बैंक लिमिटेडको मिति २०७३/२/२३ गते बसेको संचालक समिति बैठकको निर्णयानुसार उक्त कम्पनीको स्वामित्वमा रहेको नेपाल ग्रामिण विकास बैंक लिमिटेडको संस्थापक समूहको जम्मा १,९१,९९२ कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु.३००/- मा बिक्री गर्ने कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु मिति २०७३/७/२८ गते मिति २०७३/९/३ गतेभित्र शिलबन्दी बोलपत्रद्वारा संस्थापकहरुको लागि बिक्री गर्न आव्हान गरिएकोमा सो अवधी भित्र सम्पूर्ण शेयरहरुको लागि आवेदन नपरेको हुंदा पुनः यो सूचना प्रकाशित गरिएको छ। उक्त शेयर खरीद गर्न योग्य इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७४ साल मंसिर ६ गते** भित्र बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**तपसिल**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरणः**

**(क) संस्थापक शेयर : १,९१,९९२ कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी बिक्री प्रबन्धक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरले लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।
३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.३००/- तोकिएको हुँदा सो वा सोभन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नु पर्नेछ ।
४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन ।
५. शिलबन्दी खाम बाहिर "**नेपाल ग्रामीण विकास बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।
६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा कुमारी बैंक लि., पुतलीसडक, काठमाडौंमा रहेको खाता नं. ०१२४५२४६१६८४६०१६ मा नगद जम्मा गरि सो को सक्कल भौचर संलग्न गरी वा "NIBL Capital Markets Limited" को नाममा जारी गरिएको Good for Payment Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।
७. शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपी, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, विद्यमान संस्थापकहरुले आपनो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।
८. सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ । शेयर बाँडफाँट गर्दा सबैभन्दा बढी बोलकबोल गर्ने क्रमहरु मध्येको कम बोलकबोल गरि बाँडफाँटमा पर्ने आवेदकलाई खण्डित रुपमा बाँकी रहेको शेयर समेत बाँडफाँट गरि समायोजन गरिनेछ । बोलकबोल स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित रहनेछ ।
९. कम्पनीका साविकका शेयरधनीहरुले आवेदनमा आफ्नो शेयरधनी नम्बर/हितग्राही खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
११. शेयरको आवेदन मिति २०७४/८/६ गते कार्यालय समयभित्र श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा दर्ता भई सक्नु पर्नेछ ।
१२. बोलपत्र मिति २०७४/८/७ गते अपरान्ह ४:०० बजे एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा बोलपत्रवाला वा निजको प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको अपरान्ह ४:०० बजे खोलिनेछ ।
१३. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।
१४. निवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।
१५. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरुको रकम "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा व्यवस्था भए बमोजिम फिर्ता भुक्तानी गरिने छ । साथै सो रकममा कुनै किसिमको ब्याज प्रदान नगरिने व्यहोरा पनि जानकारी गराइन्छ ।
१६. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी सम्बन्धित बोलपत्रवालालाई लिखित रुपमा जानकारी गराईने छ ।

**बिक्री प्रबन्धकः**

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

मिति २०७४/७/१६ गतेको नागरिक दैनिकमा प्रकाशित गर्ने ।